मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२५ Purwanchal National Daily

अन्तरजातीय प्रेमविवाहले दिएको पीडाः पृष्ठ ३

◆ वर्ष : २५ ◆ अङ्क : २८६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ २९ गते सोमवार (Monday, September 14. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

राहदानीको सेवा शुरु

झापा, भदौ २८। अध्यागमन विभागबाट विदेशी नागरिकलाई दिइँदै आएको राहदानीसम्बन्धी सेवा एक महिनापछि पुनः सञ्चालन भएको छ । विभागमा कार्यरत कर्मचारीमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएसँगै गत साउन २६ गतेदेखि बन्द भएको सेवा शुरु भएको हो ।

राहदानी सेवा पुनः सञ्चालन गरेसँगै विभागले गत चैत ८ गतेसम्म राहदानी नियमित भएका विदेशी पर्यटक अन्तर्राष्ट्रिय उडान शुरु भएको मितिले १५ दिनभित्र स्वदेश फर्कने भएमा निःशुल्क राहदानी प्रदान गरिने जनाइएको छ । विभागको अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालय र सीमानाका अध्यागमन कार्यालयबाट निःशुल्क राहदानी नियमित गरी प्रस्थान गराइने विभागका निर्देशक रामचन्द्र तिवारीले जानकारी दिए । उनका अनुसार चैत ८ गतेसम्म पर्यटक राहदानी नियमित भएका तथा विभिन्न कारणले उडान सञ्चालन भए तापनि आफ्नो मुलुक फिर्ता हुन सक्ने विदेशी मङ्सिर मसान्तसम्म नियमानुसार राहदानी शुल्क लिएर पर्यटक राहदानी नियमित गर्ने तयारी भएको छ ।

पर्यटक राहदानी वा अन्य राहदानी रुपान्तरण गर्न चाहनेहरुले १५ दिनभित्र जरिवाना शुल्क र विलम्ब शुल्क नलिई निःशुल्क राहदानी नवीकरण हुने उनले जानकारी दिए । उनका अनुसार चैत ८ गतेसम्म पर्यटक राहदानी नियमित भएका पर्यटकले पाँच महिनाका अवधिसम्म गत चैत ८ देखि साउन ३० गतेसम्म १५० दिन निःशुल्क राहदानीमा बसे तापनि साउन ३० गतेपछि मंसीरसम्म शुल्क तिरेर सेवा नियमित गर्न सक्नेछन् ।

अध्यागमन विभाग कालिकास्थानबाट मात्र हुँदै आएको गैरआवासीय नेपाली तथा गैरपर्यटक नाता राहदानी अब

(बाँकी अन्तिम पृष्ठमा)

दुर्गा मन्दिर नहटाउन निर्देशन

बिर्तामोड, भदौ २८। बिर्तामोड-चन्द्रगढी सडक खण्ड निर्माण थालिएसँगै चर्चामा रहेको बिर्ताबजारस्थित दुर्गा मन्दिर नहटाउन पुरातत्व विभागले निर्देशन दिएको छ ।

बिर्तामोड नगरपालिकालाई पत्राचार गर्दै विभागले यस्तो निर्देशन दिएको हो । विभागका पुरातत्व अधिकृत मञ्जुसिंह भण्डारीले बिर्तामोड नगरपालिकालाई पत्राचार गर्दै नगरपालिका-३स्थित देवी दुर्गा मन्दिर बाटो बिस्तार गर्ने क्रममा हटाउन लागिएको जानकारी प्राप्त भएकाले सो कार्य तत्काल रोक्का राखी यथार्थ विवरण पठाउन भनिएको छ ।

विभागको २०७७ भदौ २६ गतेको निर्णय अनुसार बिर्तामोड नगरपालिकासहित जिल्ला प्रशासन कार्यालय झापा र बिर्तामोड नगरपालिका-३को वडा कार्यालयलाई समेत पत्राचार गरिएको छ ।

झापाको पुरानोमध्येको एक शक्तिपीठका रुपमा दुर्गा मन्दिरलाई लिने गरिन्छ । तर, सडकको बीचमा परेको भन्दै सडकको स्तरोन्नतिका क्रममा पुनः प्रतिस्थापन गर्न मन्दिरको केही मिटर पूर्व नयाँ मन्दिर निर्माणको काम भइरहेको छ ।

बुद्ध जयन्तीको अवसर पारेर बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटी र उपप्रमुख पवित्रा महतरा प्रसाईले वैदिक विधिपूर्वक मन्दिरको शिलान्यास गरेका थिए ।

बिर्तामोड-भद्रपुर चार लेनको सडक निर्माणका क्रममा मन्दिर बीचमा हुने भएपछि मन्दिर सार्न लागिएको थियो । बिर्तामोड नगरपालिकाले सम्पूर्ण खर्च व्यहोर्ने गरी मन्दिर निर्माण शुरु गरेको र अन्तिम चरणमा पुगेपछि पुरातत्व विभागले यस्तो पत्राचार गरेको हो ।

बिर्तामोड नगरपालिकाले करिब ४५ लाख रुपैयाँको लागत अनुमानमा मन्दिर निर्माणका लागि काम अघि बढाएको थियो । मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष पर्शुराम सिटौलाको पहलमा अहिले मन्दिर निर्माण भइरहेको छ । दुर्गा मन्दिर बाटोको बीचमा परेपछि बाटो निर्माण कार्य निक्कै लामो समयसम्म रोकिएको थियो । बाटो निर्माण कार्य रोकिएपछि सर्वदलीय, सर्वपक्षीय बैठकहरु गरेर निचोड निकाल्दै नयाँ मन्दिर निर्माण थालिएको थियो ।

डिभिजन सडक कार्यालय, दमकको मातहतमा रहेको यो बाटो बनाउन २०७४ फागुन २१ गते सूचना प्रकाशित गरी टेन्डर आह्वान गरिएको थियो । सिलबन्दी ठेक्कामा प्रतिस्पर्धा गरेकामध्ये नयाँबाटो, ललितपुरको आशिष-प्रेरा जेभीले यो बाटो बनाउने ठेक्का पाएको थियो । २०७५ असार २४ गते २७ करोड ९ लाखमा ठेक्का सम्झौता भएको थियो ।

कोरोनाबाट बाबुको मृत्यु हुँदा छोराले किरिया गर्न पाएनन्

झापा, भदौ २८। कोरोना सङ्क्रमणका कारण बाबुको मृत्यु भएपछि छोराले काजकिरिया समेत गर्न पाएनन् ।

पुतलीबजार नगरपालिका-१४ स्थायी घर भई पुतलीबजार-१मा बस्दै आएका ८५ वर्षीय एक वृद्धको पोखरामा उपचारका क्रममा शनिबार मृत्यु भएपछि मृतकका ४८ वर्षीय छोरा बाबुको काजकिरिया गर्नबाट समेत वञ्चित भएका हुन् ।

लामो समयदेखि दमको बिरामी रहेका बाबुलाई उपचारका लागि यही भदौ २१ गते पोखरा लिएर गएका छोराले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा कोरोना परीक्षण गर्दा पोजेटिभ देखिएपछि आइसोलेसनमा राखेर रेखदेखमा खटिएका थिए ।

बाबुको उपचार चलिरहेकै समयमा भदौ २२ गते छोराको कोरोना परीक्षण गर्दा रिपोर्ट पोजेटिभ देखिएपछि बाहिरी रेखदेखका लागि आफन्तका भरमा अस्पतालमै छाडेर चिकित्सकको सल्लाहमा जिल्ला फर्किएर स्थानीय कालिका सामुदायिक अस्पताल हेलुको आइसोलेसनमा रहेका छोरा बाबुको मृत्यु भएपछि थप पीडामा परेका छन् भने काजकिरिया गर्नबाट समेत बञ्चित भएका छन् ।

मृतकको सम्पर्कमा आएकाहरुको कन्ट्याक ट्रेसिङको काम शुरु गरिएको र परिवारका सदस्यको स्वाब सङ्कलनको तयारी गरिएको पुतलीबजार नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विष्णुप्रसाद काफ्लेले जानकारी दिए ।

मृतकका दुई छोरामध्ये एक जनामा कोरोना सङ्क्रमण पोजेटिभ देखिएकाले आइसोलेसनमा रहेको तथा अर्का छोरा रोजगारीका लागि भारत गएको र उनी क्वारेन्टिनमा रहेकाले आफन्तले बाबुको किरिया गर्नुपर्ने अवस्था रहेको नगरपालिका प्रमुख सीमाकुमारी क्षेत्रीले बताइन् ।

बालबालिकाका लागि मोबाइलको प्रयोग घातक

बिर्तामोड, भदौ २८। कोरोना भाइरसले विश्वका धेरै देशमा महामारीको रुप लिइरहेका बेला धेरै बालबालिकाको मोबाइलमै झुण्डिने प्रवृत्ति बढेको छ । यसले बालबालिकाको आँखामा गम्भीर असर पर्ने चिकित्सकहरुले बताएका छन् ।

तपाईंको बच्चाले दिनमा कति समयसम्म टेलिभिजन हर्ने तथा मोबाइल चलाउने गर्छन् ? सायदै ख्याल गर्नु भएको होला । सूचना प्रविधिको विकाससँगै बालबालिकामा टेलिभिजन र मोबाइलमा रमाउने लत पनि बढ्दै गएको छ । तर, यो लतलाई समयमै अभिभावकले छुटाउन नसकेको खण्डमा उनीहरुको शारीरिक विकासमा गम्भीर समस्या देखिने चेतावनी विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले समेत दिएको छ । संगठनले पाँच वर्षभन्दा कम उमेरका बालबालिकालाई ग्याजेट स्क्रीनबाट टाढै राख्न सूचित गरिएको छ ।

बालबालिकालाई धेरै समय खेलकुदमा बिताउने र पर्याप्त मात्रामा सुत्ने वातावरण बनाउन आवश्यक रहेको डब्लुएचओले जनाएको छ । बालबालिकाले दिनमा एक घण्टाभन्दा बढी समय टेलिभिजन र मोबाइल हेर्नु उनीहरुको स्वास्थ्यका लागि खतरा हुने बताइएको छ । अहिले कोरोनाका कारण अनलाइन कक्षाले विद्यार्थी घरबाटै पढ्ने, कामकाजी तथा समय कटाउनका लागि सामाजिक सञ्जाल चलाउने गृहिणीसम्मलाई स्मार्टफोन, ट्याब्लेट, ल्यापटप वा कम्प्युटरको लत बढाएको छ । जुन स्वास्थ्यको दृष्टिले पनि खतरनाक हुने बताइएको छ ।

एउटा रोगबाट बच्न खोजिरहँदा मोबाइलमार्फत

अजित ठाकुर
नेत्र रोग विशेषज्ञ

अर्को दीर्घकालीन रोगलाई निम्त्याइरहेका त छैनौं भन्ने चिन्ता पनि बढ्दै गएको छ । यो बेला बालबालिका घरमै बस्ने भएकाले लामो समय मोबाइल तथा टेलिभिजन हेर्ने नदिन दृष्टि आँखा अस्पतालका नेत्र रोग विशेषज्ञ अजित ठाकुरले सुझाव दिएका छन् । बालबालिकालाई धेरैभन्दा धेरै खेल्ने अवसर दिइनुपर्ने र मोबाइल प्रयोगमाथि पूर्ण रुपमा रोक लगाउनुपर्ने ठाकुरको भनाइ छ । अनलाइनको प्रयोग गरेर अध्ययन अध्यापन शुरु भएकाले अध्ययन सकेपछि नानीहरुलाई मोबाइल प्रयोग गर्न नदिन नेत्ररोग विशेष ठाकुरले आग्रह गरे । दुई वर्षभन्दा कम उमेरको बच्चालाई एक घण्टाभन्दा बढी समय टेलिभिजन तथा मोबाइल हेर्न दिन हुँदैन । उसलाई ११ देखि १४ घण्टा सुत्न आवश्यक हुने चिकित्सकको भनाइ छ ।

सानै उमेरमा बालबालिकालाई मोबाइल प्रयोग गर्न दिँदा आँखामा सुख्खापन हुने, नजिकबाट मोबाइल चलाउँदा आँखामा बढी प्रेसर पर्ने भएकाले आँखा रातो हुने, आँखा सुन्निने, पोल्ने तथा आँखा झिम्क्याउने क्रम कम हुँदा सानै उमेरमा बालबालिकामा आँखा सम्बन्धी समस्या हुने गरेको विशेषज्ञ ठाकुरले बताए । पछिल्लो समय दृष्टि आँखा अस्पतालमा आँखाको समस्या लिएर आउने बालबालिका बढ्दै गएको उनको भनाइ छ ।

भारतीय बिरामी नआउँदा आँखा अस्पताल प्रभावित

झापा, भदौ २८। कोरोना भाइसरको बढ्दो संक्रमणका कारण आँखा अस्पतालहरु नराम्ररी प्रभावित भएका छन् ।

भारतीय बिरामीको भरमा सञ्चालन भएका आँखा अस्पतालहरु अहिले सबैभन्दा बढी प्रभावित भएका हुन् । झापामा मेची आँखा अस्पतालसहित दर्जनको हाराहारीमा आँखा उपचारका लागि अस्पताल सञ्चालनमा छन् । ती अस्पतालहरुमा ८० प्रतिशत बिरामी भारतबाट आउने गरेका थिए । तर, कोरोना भाइरसको संक्रमण विश्वभर फैलिएपछि गरिएको लकडाउनका कारण भारतबाट आँखाको उपचारका लागि बिरामी आउन छाडेपछि आँखा अस्पताल प्रभावित भएका हुन् ।

नेपाली बिरामीको पहुँचमा रहेका अस्पताल सञ्चालनमा भएपनि भारतीय बिरामीको भरमा सञ्चालनमा रहेका अस्पतालहरु अहिले बन्द छन् । कोरोना भाइरसको संक्रमण शुरु भएसँगै मुलुकभर लकडाउन हुँदा सेवा प्रभावित भएको दृष्टि आँखा अस्पताल बिर्तामोडका अध्यक्ष राम उप्रेतीले बताए । 'सबैका लागि दृष्टि, सँधैका लागि दृष्टि' भन्ने मूल नारासहित २०७० सालबाट सञ्चालनमा आएको आँखा अस्पतालमा अहिले सेवा लिन आउनेको संख्या १० प्रतिशतको हाराहारीमा मात्रै रहेको छ ।

अस्पताल स्थापनाको सात वर्षे दौरानमा झण्डै पाँच लाख जनालाई सेवा दिएको अस्पताललाई अहिले कर्मचारी पाल्न समेत हम्मेहम्मे पर्ने गरेको अस्पताल प्रशासनले जनाएको छ । कोभिड-१९को बढ्दो

संक्रमणकाबीच पनि दृष्टि आँखा अस्पतालले सेवा प्रवाह गरिरहेको र अहिले पनि अस्पतालले ओपीडी सेवासहित विशिष्ठकृत सेवा प्रदान गर्दै आएको अस्पतालका मेडिकल डाइरेक्टर डा. शेषकान्त अर्यालले बताए ।

आँखा परीक्षणका लागि अस्पतालमा मोतियाविन्दु, चश्माको जाँच, आँखा पाक्ने रोग, विद्यार्थीहरुमा आँखाको सुख्खापन जस्ता समस्या लिएर आउने गरेका छन् । सर्वसाधारणको सहजताका लागि अस्पतालले नेपाल सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रम समेत लागू गरेको छ । जसका कारण आर्थिक अवस्था कमजोर भएका सर्वसाधारणको समेत आँखाको उपचारका लागि पहुँच पुगेको बताइन्छ ।

पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

कचनकवलमा आइसोलेसन सेन्टर

भद्रपुर, भदौ २८ । कोरोना भाइरसको संक्रमण समुदाय स्तरमा फैलिरहेको बेला दक्षिणी झापाको कचनकवलमा आइसोलेसन सेन्टर स्थापना गरिएको छ ।

कचनकवल गाउँपालिका-५ पाठामारीस्थित स्वास्थ्य चौकीको भवनमा कोभिड-१९ आइसोलेसन सेन्टर स्थापना गरिएको हो । १६ बेड क्षमता भएको आइसोलेसन सेन्टरको आइतबार एक संक्षिप्त कार्यक्रमका बीच गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले उद्घाटन गरेका हुन् । उद्घाटनसँगै आइसोलेसन सेन्टर सञ्चालनमा आएको छ । सो आइसोलेसन सेन्टर गाउँपालिकाको आर्थिक सहयोगमा स्थापना गरिएको अध्यक्ष आलमले बताए ।

जिल्लामै कोरोनाको इपिसेन्टर बनेको गाउँपालिकालाई कोरोना मुक्त बनाउने गाउँपालिकाका सबै तह लागि परेको बताउँदै अध्यक्ष आलमले सोही अभियान बमोजिम आइसोलेसन सेन्टर स्थापना गरेको बताए । शुरुवाती चरणमा गाउँपालिकामा दिनेपिच्छे संक्रमितहरु थपिँदै आएको अहिले संक्रमित संख्या ह्वातै घटाउन सफल भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । अहिलेसम्म गाउँपालिकामा एक सय ४७ जना संक्रमित पुष्टि भएकोमा पाँच जना मात्र उपचाररत् रहेका छन् ।

यातायात व्यवसायीले बुझ्काए ज्ञापन

बिर्तामोड, भदौ २८ । मेची राजमार्गमा सञ्चालन भइरहेको १३ वटा यातायात सम्बद्ध संघ-संस्थाले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउँदै आउँदो असोज १ गतेदेखि सवारी सञ्चालन गर्ने जनाएका छन् ।

यातायात व्यवसायीहरुले झापाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन-पत्र बुझाउँदै बन्दाबन्दीका कारण यातायात मजदुरको जीवन कष्टकर भएको, व्यवसायीहरुले बैंकको ब्याज र ऋण तिर्न नसक्ने अवस्था आएको भन्दै मेची राजमार्ग अन्तर्गत चल्ने सबै सार्वजनिक सवारीहरु पूर्ण रुपले सञ्चालन गर्ने जनाएका हुन् । आइतवार प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ज्ञापन-पत्रमा बन्दाबन्दीको सबैभन्दा बढी असर यातायात क्षेत्रमा परेकोले इलाम, पाँचथर र ताप्लेजुङ जिल्ला प्रशासन कार्यालय समक्ष समेत ज्ञापन बुझाइने उल्लेख छ ।

बिर्तामोडस्थित टेकबहादुर गिरी बसपार्कमा शनिवार भएको बैठकमा कञ्चनजंघा मेची यातायात, पूर्वाञ्चल यातायात प्रालि, विशाल भलाई यातायात प्रालि, बुद्धशान्ति यातायात, बुद्धशान्ति अटो प्रालि, हातेमालो यातायात, मेची पहाडी यातायात, पाथीभरा यातायात, अर्जुनधारा यातायात, हिमाल यातायात, तमोर मैवा यातायात, मेची अटो यातायात र तिम्बुङ पोखरी यातायातका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता थियो ।

ज्ञापनको बोधार्थ जिल्लाप्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बिर्तामोडलाई दिइएको कञ्चनजंघा यातायातका अध्यक्ष नरहरि चापागाँईले बताए ।

राहदानीको ...

झापा र पोखराबाट समेत वितरण हुने भएको छ । अध्यागमन कार्यालय काँकारभिट्टा झापा र पोखरा कास्कीबाट राहदानी तथा नवीकरण सम्बन्धी सेवा प्रवाह हुने निर्देशक तिवारीले जानकारी दिए । उनका अनुसार सीमित मात्रामा अन्तर्राष्ट्रिय उडान पुनः सञ्चालन भएसँगै केही कर्मचारीबाट दैनिक सेवा प्रवाह भइरहेको छ ।

तेराखलाई साहित्य चौतारीको सम्मान

बिर्तामोड, भदौ २८ । साहित्य चौतारी झापाले मेचीनगर-९ धुलाबारीका अग्रज साहित्यकार तेजराज खतिवडा (तेराख)लाई 'दीर्घ साहित्यसेवी सम्मान' प्रदान गरेको छ ।

नेपाली साहित्यका साथै साहित्य चौतारी झापाको स्थापनाकालदेखि हालसम्म पुऱ्याएको योगदानको कदर गर्दै अग्रज साहित्यकार तेराखलाई 'दीर्घ साहित्यसेवी सम्मान' प्रदान गरिएको साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले जानकारी दिए ।

कोरोना भाइरसको संक्रमणबाट बच्न भौतिक दुरी कायम गरी मेचीनगर-९ धुलाबारीस्थित निवासमै गएर अग्रज साहित्यकार तेराखलाई सम्मान गरिएको उनले बताए । साहित्य चौतारी झापाका सल्लाहकार हस्त परियारको अध्यक्षता तथा प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्य चौतारी झापाका कोषाध्यक्ष भवानीप्रसाद गौतमले स्वागत गरेका थिए ।

कार्यक्रममा अग्रज साहित्यकार तेराखको परिचय साहित्य चौतारी झापाका सल्लाहकार कृष्णप्रसाद पौडेलले गराएका थिए । उनले झापाको मेचीनगर-९ धुलाबारीमा रहेर अग्रज साहित्यकार तेराखले २० वटा कृतिहरु प्रकाशित गरिसकेको र आधादर्जन भन्दा बढी कृतिहरु प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी गराएका थिए ।

साहित्य चौतारी झापाका सदस्य देवीचरण भण्डारीले वाचन गरेको सम्मानपत्र साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठ, प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराई लगायतले अग्रज साहित्यकार तेराखलाई प्रदान गरेका थिए । अग्रज साहित्यकार तेराखलाई सम्मानपत्रसहित दोसल्ला, खादा, नेपाली टोपी र नगदसमेत प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराईले अग्रज साहित्यकार तेराखले नेपाली भाषा र साहित्यमा पुर्याएको योगदानको चर्चा गर्दै साहित्य चौतारी झापाले अग्रज स्रष्टाहरुको उचित मूल्यांकन गरेर सम्मान गरेकोमा खुशी व्यक्त गरेकी थिइन् ।

कार्यक्रममा साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले नेपाली साहित्यका साथै साहित्य चौतारी झापाको स्थापनाकालदेखि हालसम्म पुऱ्याएको योगदानको कदर गर्दै अग्रज साहित्यकार तेराखलाई सम्मान गरिएको बताए । साहित्य चौतारी झापाका संस्थापक सल्लाहकार समेत रहेका अग्रज साहित्यकार तेराखको उपन्यास रातको बाह्रबजे २०५६ साल असार ३१ गते साहित्य चौतारी झापाको प्रथम वार्षिकोत्सवमा विमोचन गरिएको उनले बताए ।

अग्रज साहित्यकार तेराखले साहित्य चौतारी झापाको प्रत्येक वार्षिकोत्सवमा उपस्थित भएर शुभकामना दिएर हौसला प्रदान गर्ने गरेको बताउँदै साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले साहित्य चौतारी झापाको श्रीवृद्धिमा अग्रज साहित्यकार तेराखले पुर्याएको योगदान अविस्मरणीय रहेको बताए ।

कार्यक्रममा सम्मानित स्रष्टा अग्रज साहित्यकार तेराखले जीवनका अनुभव र अनुभूतिहरुलाई संक्षेपमा उल्लेख गर्दै स्रष्टाहरुको उचित मुल्यांकन गरेर सम्मान गर्ने कार्यले पछिल्लो पीँढीलाई पनि जागरुक बनाउने बताए । उनले साहित्य चौतारी झापाले आफूलाई सम्मान गरेर साहित्यको क्षेत्रमा लाग्न अझ हौसला र प्रेरणा दिएको बताउँदै अस्वस्थ्य अवस्थामा पनि आफूलाई सम्झिएकोमा साहित्य चौतारी झापालाई धन्यवाद दिएका थिए ।

कार्यक्रममा साहित्य चौतारी झापाका पूर्व सम्मानित स्रष्टा फुर्वा योञ्जन, अनिरुद्र सिटौला, पूर्व सदस्य साहित्यकार विनोद खनाल, लोकगायक भानु ओली, कुमार श्रेष्ठ लगायतले अग्रज साहित्यकार तेराखको दीर्घजीवनको कामना गरेका थिए । कार्यक्रमको सञ्चालन साहित्य चौतारी झापाका सचिव दिलिप घिमिरेले गरेका थिए ।

बिर्तामोड नगरपालिकाको

अत्यन्त जरूरी सूचना !

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्य विकास शाखा मार्फत् पशु नश्ल सुधार (कृत्रिम गर्भाधान) कार्यक्रम गाई, भैंसी र बाख्रामा ५०% छुट अनुदानमा कार्यक्रम सञ्चालन भइरहेको हुँदा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहने आम पशुपालक कृषकहरुको जानकारीका लागि यो सूचना सम्प्रेषण गरिएको छ । कृत्रिम गर्भाधान सेवा नगरपालिकाको १० वटै वडामा सञ्चालन भइरहेको हुँदा कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध छ।

बिर्तामोड नगरपालिका, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो म्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।

सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे
बजार लक्ष्मीपुर

हार्दिक श्रद्धाञ्जलि/ समवेदना

हाम्रा अनन्य मित्र, मृदुभाषी, सरल स्वभावका, सामाजिक व्यक्तित्व **पवन ढकाल**को यही मिति २०७७ भदौ १८ गते विहीवारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् दुःखी बनाएको छ ।

दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आज १२औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै दुःखको यस पीडादायी क्षणमा रहनुभएका समपूर्ण परिवारजनमा शोक सहन गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

स्व. पवन ढकाल
जन्मः २०३६।१२।१७
निधनः २०७७।०५।१८

लिटल फ्लावर्स इङ्लिस स्कूल
एसएलसी व्याच २०५३

ज्ञापन पत्र

कोरोना भाइरस (Covid -19) का कारण विश्व आक्रान्त भइरहेको अवस्थामा हाम्रो देश नेपालमा समेत कोरोना भाइरस (Covid -19) का कारण मन्त्रीपरिषद्को निर्णय बमोजिम मिति २०७६ साल चैत्र ११ गतेदेखि देशभर पूर्णरुपमा बन्दाबन्दी (लकडाउन) हुँदा सम्पूर्ण व्यवसाय धरासायी बनेको सर्वविधितै छ ।

साथै मिति २०७७ साल जेठ २९ गते बसेको मन्त्रिपरिषद्को निर्णय बमोजिम विभिन्न किसिमका व्यवसायहरु आंशिक रुपमा सञ्चालनमा आएको र मिति २०७७ साल श्रावण ४ गतेबाट बन्दाबन्दी (लकडाउन) खुकुलो पारी देशका विभिन्न व्यवसाय सञ्चालनरत् रहेको अवस्थामा देशको मेरुदण्ड मानिने यायतायात व्यवसाय सञ्चालन गर्न संघ, संस्था तथा सरोकारवालाहरुले पटक-पटक पहल गर्दा समेत केन्द्रीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार तीनैवटा सरकारका संयन्त्रले चासोको विषय नबनाएको महशुस गरी मिति २०७७ साल भाद्र २७ गते यस मेची अञ्चलको टेकबहादुर गिरी बसपार्कमा बसेको विभिन्न संघ-संस्था तथा प्रालिहरुको संयुक्त बैठकमा व्यापक छलफल हुँदा यातायात क्षेत्रमा आवद्ध विभिन्न व्यवसायहरुले बैंकको कर्जाको व्याजसमेत तिर्न सक्ने अवस्था नरहेको तथा यस यातायात क्षेत्रमा आवद्ध विभिन्न यातायात मजदुरहरुको समेत रोजगारी गुमेका कारण दयनीय अवस्था रहेकोले यही मिति २०७७ साल असोज १ गते विहीवारदेखि यस मेची राजमार्ग अन्तर्गत सञ्चालन हुने सम्पूर्ण सवारी साधनहरु पूर्णरुपमा सञ्चालन गर्ने निर्णय भएकाले झापा, इलाम, पाँचथर र ताप्लेजुङका विभिन्न सरकारी निकायमा समेत यस ज्ञापनपत्रको बोधार्थसहित यो ज्ञापनपत्र संयुक्त रुपमा यहाँ समक्ष चढायौं ।

ज्ञापनपत्र पेश गर्ने प्रालिका अध्यक्ष तथा प्रतिनिधिहरु

१) कञ्चनजंघा मेची यातायात प्रालिका अध्यक्ष : **नरहरि चापागाँई**
२) पूर्वाञ्चल यातायात प्रालिका अध्यक्ष : **खड्ग श्रेष्ठ**
३) विशाल भलाई यातयात प्रालिका अध्यक्ष : **देवी कार्की**
४) बुद्धशान्ति यातायात प्रालिका अध्यक्ष : **इन्द्रहाङ लिम्बू**
५) बुद्धशान्ति अटो प्रालिका अध्यक्ष : **यादवकुमार ओली**
६) हातेमालो यातायात प्रालिका अध्यक्ष : **दिलीपकुमार गुरुङ**
७) मेची पहाडी यातयात प्रालिका प्रतिनिधि : **केशवकुमार श्रेष्ठ**
८) पाथीभरा यातायात प्रालिका अध्यक्ष : **दिलीप गुरुङ (लप्टन)**
९) अर्जुनधारा यातायात प्रालिका अध्यक्ष : **गोपाल घिमिरे**
१०) हिमाल यातयात प्रालिका प्रतिनिधिः **जीवन न्यौपाने**
११) तमोर मैवा यातयात प्रालिका प्रतिनिधिः **रुपेश याक्खा**
१२) मेची अटो यातयात प्रालिका प्रतिनिधिः **धनबहादुर गिरी**
१३) तिम्बुङ पोखरी यातायात प्रालिका प्रतिनिधिः **विपीन भुजेल**

बोधार्थ :
- जिल्ला प्रहरी कार्यालय भद्रपुर, झापा
- जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड, झापा
- इलाका प्रहरी कार्यालय बिर्तामोड, झापा

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

भद्रपुर, झापा
प्रदेश नं. १, नेपाल

प्रथमपटक प्रकाशित मितिः २०७७।०५।२९

प्रस्ताव आव्हानको सूचना

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७७/०७८को स्वीकृत बार्षिक कार्यक्रम अनुसार 'कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६' बमोजिमका शर्तहरुको अधिनमा रही देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमीहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (२०७७।०६।१८ गतेसम्ममा) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ । थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, भद्रपुर, झापाको फोन नं. ०२३-४५५०५६/४५५५४६मा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, विराटनगरको वेवसाइट www.molmac.p1.gov.np बाट 'कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६' डाउनलोड गरी जानकारी लिन सक्नुहुनेछ ।

तपशिल

आ.व. २०७७।०७८			रकम रु. लाखमा			
			बार्षिक लक्ष्य			
क्र.सं.	क्रियाकलापहरुको विवरण	इकाई	परिमाण	बजेट (प्रति इकाई उपलब्ध हुने अधिकतम् अनुदान रकम रु.)	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु	कैफियत
१.	कागती खेती मिसन कार्यक्रम (अन्य)	संख्या	१०	२.५	कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरु	
२.	व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग (अन्य)	संख्या	३	३	कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरु	
३.	वीऊविजन आत्मनिर्भरका कार्यक्रम पहिलो बर्ष (अन्य)	संख्या	५	१	कम्पनी/कृषक समूह, निजी उद्यमी र सहकारी संस्थाहरु	वीउ लगाउने पूर्वजानकारी र खडा बाली निरीक्षण फारम प्रयोग, प्रयोगशाला परीक्षण प्रतिवेदन ।
४.	हाइब्रिड मकै विस्तार आयोजना (Area based cash incentives) क्षेत्र विस्तार अन्य	हेक्टर	७३३.३३	०.१५	कृषक/कृषि समूह/कृषि सहकारी/निजी उद्यमी	कृषि सहकारी संस्थाको हकमा पछिल्लो ३बर्षको लेखा परीक्षणको प्रमाणित प्रतिलिपि ।
५.	बगर खेती विकास तथा प्रबर्द्धन कार्यक्रम (अन्य)	संख्या	१०	१	नदी खोला किनारको आसपासको कृषक/कृषि उद्यमी कृषक समूह/कृषि सहकारी	जग्गा भाडामा लिएर खेती गरेको भए कम्तीमा ५ बर्षको करार सम्झौता
६.	महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम (अन्य)	संख्या	५	२	महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरु	
७.	नमूना कृषि फार्म स्थापना सहयोग (बागवानी विकास खर्च)	संख्या	७	७	कृषक समूह/कृषक सहकारी/कृषि फर्म/उद्यमी	स्थानीय तहबाट साझेदारीमा नमूना कृषि फर्म सञ्चालन हुने भए लागत साझेदारी रकम उल्लेख गरेको सिफारिस पत्र ।
८.	कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) बगवानी विकास खर्च)	संख्या	२	२०	स्थानीय तह/उद्योग वाणिज्य संघ/कृषक समूह/कृषि सहकारी/कृषि उपज बजार सञ्चालक समिति	निर्माण हुने जग्गाको यकिन गरेको प्रमाण, निर्माण स्थलको सधियार छिमेकीको मुचुल्का । जग्गा करानामा भए २० बर्षको सम्झौता ।
९.	जैविक तथा वनस्पतिक विषादि प्रयोग विस्तार कार्यक्रम (अन्य)	संख्या	६	१	कृषक समूह, कृषि सहकारी संस्थाहरु	
१०.	रैथानेवाली उत्पादन प्रबर्द्धन कार्यक्रम (कोदो, फापर, जौ आदि) (अन्य)	संख्या	१	१	कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक वीऊ बैंक व्यवस्थापन समिति	
११.	कृषि यान्त्रिकीकरणका लागि औजार उपकरण प्रयोग प्रबंद्धन कार्यक्रम	संख्या	१	९०	कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म	मेसिनरी, औजार सञ्चालन तथा मर्मतको तालिम लिएको भए सोको प्रमाणपत्र, लालपूर्जा प्रतिलिपि, जग्गा करारमा लिएको भए ५ बर्षको करारनामा प्रमाण ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१) रु. १०को हुलाक टिकट टाँस गरिएको आवेदन/प्रस्तावना । २) सम्बन्धि[redacted]तिलिपि ।
३) समूह/संस्था नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । ४) समूह/[redacted]
५) समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । ६) निवेदक[redacted]पि ।
७) कृषि फर्म/उद्यमी/सरकारी संस्थाको हकमा आ.व. २०७६।०७७को लेखा परीक्षणको प्रमाणित प्रति[redacted]माणपत्रको प्रतिलिपि ।
९) जग्गा धनीपूर्जा प्रमाणपत्रको प्रतिलिपि/जग्गा भाडा वा अधिया/ठेक्का लिएको भए कम्तीमा १० बर्षक[redacted]फूल बगैचा स्थापनाको हकमा जग्गा करारमा लिएको भए न्यूनतम् १५ बर्षको सम्झौता पत्र ।
१०) सार्वजनिक जग्गा भए सम्बन्धित स्थानीय तहको सिफारिस पत्र । ११) स्थानी[redacted]
१२) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वघो[redacted]
१३) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।
१४) कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६ बमोजिम तथा माग गरिएका आवश्यक कागजातह[redacted]कमल सिंह

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रक[redacted]दक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ बजार [redacted] ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-५८४२६५६११२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) E[redacted]wanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

मानवीय संवेदना मर्न नदेऊ

तीनतिर सीमाना जोडिएको नेपाली भूमि यस क्षेत्रकै ठूलो देश हिन्दुस्थानबाट अतिक्रमणमा परेको घटना र समाचार दुबै नौलो होइन । इतिहासदेखि नै भारतले प्रत्यक्ष र परोक्ष रुपले नेपाली भूमिमाथि अतिक्रमण गरिरहेको छ, फरक यत्ति हो कि सञ्चारको विकासले यो विषय चर्चामा आउन थालेको छ । पृथ्वीनारायण शाहको शासनकालमा शुरु भएको बृहत् नेपाल निर्माणको अभियान र त्यसपछि राजेन्द्रलक्ष्मी देवी शाह र बहादुर शाहको नायवीकालमा नेपाल टिष्टादेखि काँगडासम्म फैलिएकै हो । अंग्रेजको बढ्दो शक्तिलाई रोकेर उसको विस्तारवादी अभियानलाई निस्तेज पार्दै स्वतन्त्र र बलियो नेपाल बनाउन तत्कालीन सेना नायकहरुले दिएको योगदान बिर्सिने हो भने त्यो व्यक्ति वा जाति कृतघ्न ठहरिने छ । त्यसकारण पनि जब-जब नेपाली भूमिमाथि कुनै बाह्य शक्ति वा संस्थाले हस्तक्षेप गर्छ तब-तब नेपाली वीरताको इतिहास पुनर्लेखन, पुनर्स्मरण तथा चर्चा हुने गर्छ । पछिल्लो पटक हाम्रो पश्चिमी सीमाना लिपुलेक, लिम्पियाधुरा र कालापानी विवाद उत्कर्षमा पुग्दा देशका अन्य भागमा मिचिएका नेपाली माटोको कुरा उठ्यो ।

नेपाली भूमि समेटेर भारतले नक्सा सार्वजनिक गरे लगत्तै नेपाली जनताले त्यस्तो दुष्कर्मको कडा प्रतिवाद गरे । जनताको प्रतिवादले सरकारलाई पनि बाध्य बनायो र आखिरमा मिचिएको भूमिलाई नेपाली नक्सामा समेटेर अस्तित्वको खोजी गरियो । त्यसलगत्तै चिसिएको नेपाल-भारत सम्बन्ध अझै सुधार भएको छैन भने वार्ता गर्ने नेपालको प्रयास पनि सार्थक हुन सकिरहेको छैन । त्यसयता विश्वभर फैलिएको कोरोना भाइरसको महामारीले सीमा विवाद ओझेलमा पऱ्यो । कोरोना रोकथामकै लागि सीमानाका बन्द गरिए । आवागमन ठप्प भयो, उपभोग्य वस्तुको निकासी-पैठारी समेत रोकियो । तदुपरान्त अत्यावश्यक वस्तुको आयात सुचारु पनि भयो, मुख्य नाका भएर सामान ढुवानी गर्ने सवारीसाधनहरु भित्रिन थाले । केही राहत पनि भयो, मानिसको दैनिकी केही सहज हुन थाल्यो, यद्यपि कोरोना कहर घट्ने अवस्थामा अझै छैन ।

आवश्यक उपभोग्य वस्तुमध्ये मानव स्वास्थ्यसँग जोडिएको औषधिको आयात त्यसबेलासम्म निर्वाध भइरहयो । स्थानीय सहयोगी संस्थाहरुको समन्वय र सक्रियतामा औषधि ल्याउने काम निरन्तर भइरहयो । तर, यतिबेला पूर्वी दक्षिणी नाका भद्रपुर-गलगलिया क्षेत्रबाट औषधि ल्याउन भारतीय पक्षले रोक लगाएको समाचार आएको छ । सीमा रक्षा गर्न तैनाथ एसएसबीका स्थानीय इञ्चार्जका रुपमा हरजीत रे आएपछि औषधि ल्याउन रोक लगाएको स्थानीयले गुनासो गरेका छन् । कतिपय विरामीले नियमित प्रयोग गर्ने औषधिका लागि भारतीय बजारमै निर्भर हुनुपर्दछ । त्यस्तोमा मानवीय संवेदनासँग जोडिएको औषधि युद्धकै समय भए पनि लान-ल्याउन पाइने विश्वव्यापी मान्यता छ । तर, एकजनाको सनकका भरमा औषधि ल्याउनै रोक लगाउनु अमानवीय मात्र होइन खेदजनक कार्य पनि हो । जीवन-मरणसँग जोडिएको यस्तो विषयमा नेपालतर्फका सम्बद्ध निकाय, जिल्ला प्रशासन, प्रहरी प्रमुख, सांसद लगायतका जनप्रतिनिधिहरुले भारतीय पक्षसँग वार्ताको पहल तत्काल गर्नुपर्दछ । स्थानीय तहबाट समाधान गर्न नसकिए केन्द्र मार्फत नै भए पनि असहमति अन्त्य गर्दै जीवन सहज बनाउन तत्काल पहल गर्नुपर्छ । यदि त्यसो नभए सरकारप्रतिको भरोसा टुट्न सक्छ, जो सरकार सम्बद्ध कसैलाई हितकर हुने छैन ।

नेपालमा निरन्तर लम्बिँदो संक्रमणकालीन न्याय

तीर्थराज खरेल

नेपालमा २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले नेपालमा समाजवाद हुँदै साम्यवाद स्थापनाको दीर्घकालीन लक्ष्य र जनवादी गणतन्त्र नेपालको अल्पकालीन लक्ष्य राखेर संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्थाकाविरुद्ध गाउँले शहर घेर्ने रणनीतिका साथ दीर्घकालीन जनयुद्ध शुरु गऱ्यो । त्यसयता निरन्तर नेपाल १० वर्षसम्म विद्रोही शक्ति सहमति र सम्झौतामा नआउञ्जेलसम्म आक्रमण र प्रत्याक्रमण, द्वन्द्व र प्रतिद्वन्द्वको चपेटामा पऱ्यो । मुलुक २०५२ सालयता आजसम्म पनि संक्रमणको प्रक्रियामा छ । संक्रमणलाई सामान्य अर्थमा एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा प्रवेश भएको वा एउटा प्रक्रियाको अन्त्य भई अर्को प्रक्रियाको शुरुवात भएको तर सो नयाँ व्यवस्था वा प्रक्रिया पूरा नभइसकेको अर्थमा बुझ्न सकिन्छ ।

नेपालमा राजनीतिक संक्रमणकालको पहिलो र महत्वपूर्ण शान्तिको चरण पार भइसकेको छ । नेपाल सरकार र तत्कालीन विद्रोही माओवादीबीच २०६३ साल मंसीर ५ गते विस्तृत शान्तिसम्झौता सम्पन्न भएको छ । सम्झौता समेत समाविष्ट अन्तरिम संविधान २०६३, माओवादी सेना समायोजन, आन्तरिम संविधान बमोजिम गठन भएको दोस्रो संविधानसभाबाट २०७२ सालमा नेपालको संविधान जारी भइसकेको छ । उक्त संविधान बमोजिम संघीय, प्रादेशिक र स्थानीय तीनवटै तहमा निर्वाचन सम्पन्न भएका छन् । संक्रमणकालीन न्याय द्वन्द्वोत्तर समाजसँग जोडिएर आएको हुन्छ । द्वन्द्वोत्तर समाज न्यायको सम्बन्धमा संक्रमणकालीन हुन्छ । यस्तो अवस्थामा काम गरिरहेका न्यायपालिका अन्तर्गतका निकायहरुले न्याय सम्पादन गर्न सहज हुँदैन र संक्रमणकालीन विशेष व्यवस्थाको जरुरत हुन्छ । पीडितका आधारभूत मानवअधिकारको सम्मान र संरक्षण कसरी गर्ने र दण्डहीनताको अन्त्य र स्थायी शान्तिका लागि के-के गरिनु जरुरी हुन्छ जस्ता यावत प्रश्नको उत्तरका लागि संक्रमणकालीन न्यायको अलग्गै व्यवस्था गर्न आवश्यक हुन्छ ।

दश वर्षे सशस्त्र संघर्षका दौरान राज्य र विद्रोही पक्षबाट द्वन्द्वोत्तर समाजमा द्वन्द्वकालमा घटेका मानव अधिकार उल्लंघन वा ज्यादतीहरुलाई सम्बोधन गर्ने संयन्त्र नै संक्रमणकालीन न्याय हो । संयुक्त राष्ट्रसंघले संक्रमणकालीन न्यायलाई एक प्रक्रिया र संरचनाको पूर्णरुप मानेको छ । तर, सबैभन्दा महत्वपूर्ण प्रश्न भनेको विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले समेत निर्दिष्ट गरेको स्थायी शान्तिका लागि अत्यावश्यक द्वन्द्वकालीन हिंसा एवम् गम्भीर मानवअधिकार उल्लंघनका दोषी हालसम्म पनि कारवाहीको दायरामा आएका छैनन् । कारवाहीको दायरामा ल्याइएका घटना पनि राजनीतिक दबावले अन्तिम ठुंगोमा पुग सकेका छैनन् । विगतमा भएका मानवअधिकाविरुद्धका जघन्य ज्यादतीहरुलाई सम्बोधन गरिएको छैन । जवाफदेहिताको सुनिश्चितता, न्यायको प्रत्याभूति र मेलमिलापको उद्देश्य हासिल गर्ने संक्रमणकालीन न्यायको आत्मा मारिएको छ र फगत कागजमा सीमित गरिएको छ । संक्रमणकालीन न्यायले सशस्त्र द्वन्द्व, विद्रोह वा युद्धको क्रममा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरुको सत्य अनुसन्धान गर्ने, त्यस्ता घटनामा संलग्न पीडकको पहिचान गरी जिम्मेवारी बहन गराउने, घटनामा पीडित भएका व्यक्तिहरुलाई परिपुरण/क्षतिपूर्ति उपलब्ध गराउने, समाजमा शान्ति र मेलमिलापको वातावरण सिर्जना गरी दिगो शान्ति स्थापना गर्ने उद्देश्य राखेको हुन्छ । सैनिक बलमा टिकेको तानाशाही शासन व्यवस्थाबाट लोकतान्त्रिक शासन व्यवस्थामा रुपान्तरण हुँदा र सशस्त्र द्वन्द्वको अवस्थाबाट शान्तितर्फ जाँदा द्वन्द्वोत्तर समाजमा अपनाइने न्याय निरुपणका विधिहरुको समष्टिगत रुपमा नै संक्रमणकालीन न्याय हो । नेपालमा २०५२ सालदेखि एक दशकसम्म चलेको द्वन्द्वमा सरकार र माओवादी दुबै पक्षबाट गरेर करिब १७ हजार मानिस मारिएका थिए भने लाखौं मानिस प्रत्यक्ष-

अप्रत्यक्ष यातनाको शिकार भएका थिए ।

लैङ्गिक हिंसा, बेपत्ता लगायतका धेरै मानवअधिकार सम्बन्धी उल्लंघनबारे संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी रिर्पोट 'नेपालको द्वन्द्व प्रतिवेदन २०६९' मा विस्तृत रुपमा उल्लेख गरिएको छ । नेपालमा संक्रमणकालीन न्यायको सम्बोधनका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गरी दुई आयोग गठन भएका छन् । सत्य निरुपण तथा मेलमिलाप आयोग २७ माघ २०७१ मा गठन भएको थियो । आयोगमा पटक-पटक गरी ६१ हजार बढी उजुरी दर्ता भएका छन् । तर, यस आयोगले अहिलेसम्म संक्रमणकालीन न्याय सम्बन्धी अन्य कुनै गहन कार्य गरेको छैन । बारम्बारका विवाद र सरकारी मनसायले नेपालको संक्रमणकालीन न्याय प्रक्रिया अवरुद्ध भएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २७ माघ २०७१ मा गठन भएको हो । यो आयोगले पनि कुनै खास काम गरेको पाइँदैन । तीन हजार बढी उजुरी परेको भनिएको यस आयोगमा उजुरीको वर्गीकरण गरिएको छ, तर अन्य कुरा अघि बढ्न कठिनाइ भएको छ ।

संक्रमणकालीन न्यायको सिद्धान्त द्वन्द्वको समयमा मानवअधिकार उल्लंघनकर्ता एवम् अपराधमा संलग्न दोषीलाई कारवाही नभएसम्म दिगो शान्तिको परिकल्पना सम्भव छैन भन्ने नै हो । द्वन्द्वकालीन घटनाको छानविन गरी कारवाही गर्न 'बेपत्ता पारिएका व्यक्ति छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१' जारी भएको छ । सो ऐनको व्यवस्था बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना भई कार्यरत रहेका हुन् । पछिल्लो समय दुवै आयोगमा भएका नियुक्तिहरुलाई लिएर सरकार र द्वन्द्वपीडित, नागरिक समाज मानवअधिकारकर्मी र सरोकारवालाबीच विवाद उत्पन्न भएको देखिन्छ । आयोगको म्याद सकिने र म्याद थपिने क्रमको शुरुवात भइसकेको छ । यी सबै घटनाक्रमले नेपालको द्वन्द्वोत्तर नेपाली समाजमा विगतका घाउ चहऱ्याइरहने र समाजको अध्याँरो रहिरहने आशंका बढ्दै गएको छ ।

नेपालमा संक्रमणकालीन न्यायका अवरोध के-के हुन् ? मूल रुपमा राजनीतिक नेतृत्व यसका लागि जिम्मेवार छ । सत्य निरुपण तथा मेलमिलाप आयोगले द्वन्द्वकालीन घटनाको छानविन र कारवाही गर्न घटनालाई समूहगत रूपमा विभाजन गरी प्राप्त उजुरीमध्ये कस्ता उजुरीलाई प्राथमिकीकरणका आधारमा गर्ने भन्ने विषयमा दलहरूबीच भद्र सहमति हुन नसक्नु, द्वन्द्वमा प्रत्यक्षरूपले संलग्न राजनीतिक दल र अन्य दलमा आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न राजनीतिको आवरणमा गरिएको र गरिने हत्या, हिंसा जस्ता अत्याचारलाई कानून, आचार, नीति, मानव अधिकार उल्लंघनका घटनाभन्दा माथि राख्ने प्रयत्न गर्नु, दलमा भविष्यमा पनि हिंसा र बल प्रयोगलाई आफ्नो साधनका रूपमा प्रयोग गरिरहने सोच रहनु, राज्यसत्तामा बस्नेले मुलुकलाई लोकतान्त्रिक प्रक्रियाबाट सञ्चालन गर्न नखोज्नु, प्रचलित कानून एवम् अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले अपराध भनी परिभाषित घटनाका दोषीलाई उन्मुक्ति दिनु एवम् दिने प्रयत्न गर्नु, संक्रमणकालीन न्यायलाई सत्ता प्राप्तिको दाउपेचका रूपमा लिनु, यसैको आवरणमा न्यायपालिकाको स्वतन्त्रता कमजोर एवम् संकुचित गर्ने प्रयास हुनु जस्ता अवरोधका कारण संक्रमणकालीन न्याय कमजोर भएको हो र न्याय सम्पादनको गति अत्यन्तै ढिला भएको हो ।

संक्रमणकालीन न्यायका लागि आयोग बने पनि स्वतन्त्रतापूर्वक काम गर्न आवश्यक कानून, बजेट र कर्मचारी व्यवस्था नहुनु, द्वन्द्वकालका अदालतमा विचाराधीन मुद्दा समेत आयोगहरूबाट टुंग्याउने नाममा न्यायिक प्रक्रियामै प्रत्यक्ष-परोक्ष अवरोध हुनु, आयोगका पदाधिकारीहरुको पेशागत दक्षतामा कमी र उनीहरु राजनीतिक रूपमा विभाजित हुनु आदि पनि डरलाग्दा समस्याहरु हुन् । साथै द्वन्द्वकालका घटनाका पीडित बालबालिका, दलित, महिला, अपाङ्ग जस्ता वर्गको हकहित संरक्षण र पुनर्स्थापनाको ठोस कार्ययोजना नभएर पनि समस्या टुंगिएको छैन । तत्कालीन विद्रोही पक्ष माओवादी केन्द्र र शान्तिपूर्ण प्रतिष्पर्धात्मक सिद्धान्त जनताको बहुदलीय जनवादलाई आत्मसात गर्ने नेकपा (एमाले)बीच पार्टी एकीकरण भई केन्द्रमा दुई तिहाइ नजिकको मतादेशसहित सरकार बनेको छ भने प्रदेश र स्थानीय तहमा पनि नेकपाकै वर्चश्व छ ।

राज्य पक्ष र विद्रोही पक्ष कुन हुन् भन्नेमै द्विविधा हुने गरी शक्तिसन्तुलनमा हेरफेर भएको छ । यसरी शक्ति सन्तुलनमा आएको फेरबदलले द्वन्द्वकालीन पीडितले न्याय नपाउने आशंका बढेको छ र यो अत्यन्तै दुःखद् पक्ष हो । विगतमा जे-जे भए पनि बिर्सिदिउँ भनेर मात्र हुँदैन । द्वन्द्वकालका घटनाका दोषीलाई नाम मात्रको कारबाही गरी उन्मुक्ति दिने सोच निश्चय नै राम्रो होइन । यसबाट पीडितले न्याय नपाउने अवस्था आउँछ । नेपालको अन्तर्राष्ट्रिय छवि बिग्रन्छ । साथै उन्मुक्ति पाउने दोषीले भविष्यमा पनि दोषको सजाय भोग्नुपर्ने सम्भावना रहिरहन्छ र मानवताविरुद्धका जघन्य अपराध विश्वव्यापी क्षेत्राधिकार अन्तर्गत पर्ने भएकाले दोषीले अन्य देशबाट कारबाही हुने त्रासमा बस्नुपर्ने हुन्छ । तसर्थ हत्या, यातना, बलात्कार, बाल सैन्य लगायतका गम्भीर मानवअधिकार उल्लंघनका घटनामा प्रत्यक्ष संलग्न दोषीलाई कारवाही गर्न न्यूनतम् राजनीतिक सहमति हुन आवश्यक छ ।

दुबै आयोगलाई शक्तिसम्पन्न र निष्पक्ष बनाउन जरुरी छ । अदालतबाट दोषी ठहर गरेपछि पीडितको पूर्ण मञ्जुरीमा मात्र दण्ड, जरिवाना माफी मिनाहा हुने र साँचो अर्थमा मेलमिलापको वातावरण बनाउन आवश्यक छ । द्वन्द्वकालका घटनाबाट पीडित दलित, महिला, बालबालिका, बालसेना, अपांगजस्ता वर्गको हकहित संरक्षण र पुनर्स्थापनाका लागि ठोस कार्ययोजना आवश्यक छ । न्यायका याचक द्वन्द्वपीडितले न्याय पाउने व्यवस्था हुनुपर्छ । द्वन्द्वकालमा कब्जामा लिइएको सम्पत्ति पूर्णरूपमा फिर्ता हुनुपर्छ । सरकार गम्भीर ढंगले सबै पक्षसँग परामर्श र छलफल गरी संक्रमणकालीन न्यायको चित्तबुझ्दो निकास र सामाजिक न्यायसहितको सामुदायिक सद्भावको वातावरण बनाउनेतर्फ तत्काल लाग्नुपर्ने देखिन्छ ।

एउटा राष्ट्रिय संकल्पका साथ सामूहिक समाधान खोज्नका लागि पहिलो कुरा औपचारिक र पारदर्शी प्रक्रियाका माध्यमबाट सरकार आफैं जिम्मेवार ढंगले स्पष्ट कार्ययोजनासहित प्रस्तुत हुनुपर्छ । द्वन्द्वका पीडितले आयोगहरुलाई दिएको सूचना संरक्षणको सुनिश्चितता गर्न अविलम्ब कदम चाल्नुपर्ने हुन्छ । घटनाको अनुसन्धान प्रक्रियालाई निष्पक्ष र प्रभावकारी बनाउन विशेष अनुसन्धान विधि तय गरी दुबै आयोगका काम र सीमालाई गम्भीर समीक्षा गर्न आवश्यक छ, अनि मात्र नेपालको संविधान २०७२, विस्तृत शान्ति-सम्झौता र अन्तर्राष्ट्रिय कानूनले परिकल्पना गरेको संक्रमणकालीन न्याय सम्पादन गर्न सकिन्छ । यसरी मात्र द्वन्द्वका पीडितहरुको घाउमा मल्हमपट्टी लगाउन सकिन्छ र नेपाललाई दीर्घकालीन रुपमा शान्तिको मार्गमा हिँडाउन सकिन्छ ।

tirthakharel2028@gmail.com

बालअधिकार प्रवर्द्धनका लागि सञ्चारकर्मीको भूमिका

दीपक अधिकारी

सबैभन्दा पहिला हामीले बालबालिका भनेका को हुन् ? बालअधिकार भनेको के हो ? भन्ने बुझ्नु नरुरी हुन्छ । त्यसपछि सञ्चारकर्मी को हुन् र उनीहरूको बालअधिकार प्रवर्द्धनमा कस्तो भूमिका हुनुपर्छ भन्ने विषय उठान गर्दा राम्रो हुन्छ । बालबालिका र सञ्चारकर्मी एउटै समाजका भएकाले उनीहरूबीचमा अन्तरंग सम्बन्ध कायम रहेको छ । मात्र के हो भने बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीले खेल्ने भूमिकाले भने महत्वपूर्ण अर्थ राख्छ ।

बालबालिका कसलाई भनिन्छ ?

अन्तर्राष्ट्रिय मान्यता अनुरुप १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका मानिएको छ । विद्यमान कानूनले १६ वर्ष मुनिका व्यक्तिलाई बालबालिका मानेको छ, तर मुलुकी देवानी तथा फौजदारी (संहिता) ऐन, २०७४ मा १८ वर्ष नै कायम गरिएको छ । तसर्थ, आमाको गर्भदेखि १८ वर्षसम्मको उमेर समूहका व्यक्तिलाई बालबालिका भनिन्छ ।

बालअधिकार के हो ?

आमाको गर्भ अवस्थादेखि १८ वर्षसम्मका बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासका लागि चाहिने न्यूनतम् आवश्यक्ताहरू जस्तै पोषिलो खाना, औषधि उपचार, माया-स्नेह, संरक्षण, शिक्षा लगायत नै बालअधिकार हो । बालअधिकारलाई अझ विस्तृत रुपमा चारवटा विषयगत रुपमा र त्यसभित्र पनि बुंदागत रुपमा हेर्न सकिन्छ । जस्तै :

बाँच्न पाउने अधिकार : गर्भवती आमाको सुरक्षा, स्याहारदेखि बालबालिका जन्मेपछि रोगहरूसँग लड्नका लागि लगाइने खोप तथा आवश्यक समयमा उचित औषधि उपचार गरी कुनै पनि कारणले बालबालिकाको मृत्यु हुनबाट रोक्नु बालबालिकाको बाच्न पाउने अधिकार हो ।

विकासको अधिकार : कुनै पनि भेदभाव बिना बालबालिकाहरूले आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक एवम् नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्छ । सबै बालबालिकाहरूले शिक्षा पाउने, आफूले जानेको र रुची राख्ने खेलकुदमा क्षमता अनुसार सहभागी हुन पाउनु, मनोरञ्जन गर्न पाउने, सिप सिक्न पाउने जस्ता बालबालिकाको विकासको अधिकार हो ।

संरक्षणको अधिकार : बालबालिका शारीरिक र मानसिक रुपमा हुर्कदै गरेको अवस्थाका व्यक्तिहरू भएकोले उनीहरूलाई हाम्रो घर, समाज लगायतबाट समस्याहरू आइपर्न सक्छ । सबै खतराजन्य परिस्थितिबाट उनीहरूलाई सुरक्षित राख्नुपर्छ । उमेर नपुगेका बालबालिकाहरूलार्य श्रममा लाग्नबाट जोगाउनु, बेचबिखन, यौन दुर्व्यवहार, हिंसा, लडाइँ, झगडा, गरिबी, प्राकृतिक प्रकोप, कुलत, दुर्व्यशन लगायत अन्यखाले जोखिमबाट संरक्षण पाउनु पनि बालबालिकाको अधिकार हो ।

सहभागिताको अधिकार: बालबालिकाहरूले आफ्नो जीवनमा असर पर्ने विषय र गतिविधिहरूमा र त्यस सम्बन्धी नीति तय गर्दा, निर्णय गर्दा बालबालिकाहरूले सहभागी हुन र आफ्ना विचारहरू राख्न पाउनुपर्छ । आफ्नो घर, गाउँ-टोल, समाज, विद्यालय, संस्था, समूह, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा समेत बालबालिकाको विषयमा हुने छलफल तथा निर्णय, नीति नियम निर्माण एवम् कार्यक्रम तय गर्दा आफ्नो विचार ठीक तरिकाले ठीक ठाउँमा राख्न पाउने सहभागिताको अधिकार पनि बालअधिकार हो ।

सञ्चारकर्मी (पत्रकार) को हुन् ?

जसले समाजमा भए गरेका घट्ना वा विषयहरूलाई सूचना, समाचार, लेख-रचना, बस्तुपरक विश्लेषण, प्रेरणदायी रिपोर्ट, चित्र, दृश्य एवम् आवाजलाई सञ्चारमाध्यम मार्फत समाजलाई सचेत, सतर्क र जानकार बनाउने व्यक्ति नै सञ्चारकर्मी हुन् । पत्रकार पनि हाम्रै समाजका व्यक्ति हुन् । समाजलाई कानूनी राज्यको अनुभूत गराउन सुरक्षित, सुसंस्कृत र समृद्ध बनाउने कार्यमा प्रमुख भूमिका रहने सञ्चारकर्मीको बालबालिका, महिला, बृद्ध, फरक क्षमता भएका वर्गको र समुदायको आवाज सोरोकारवाला पक्षसम्म पुऱ्याउने कार्यमा पनि सञ्चारकर्मीको प्रमुख भूमिका रहन्छ । राज्य, सरोकारवाला निकाय र समाजलाई जोड्ने पुलको भूमिका निर्वाह गरेर मुलुकलाई समुन्नत बनाउने जिम्मेवारी पनि सञ्चारकर्मीको हो ।

बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीको भूमिका

नेपालको संविधान, २०७२ ले बालअधिकारलाई मौलिक हक अन्तर्गत समेटेको छ भने बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु राज्यको नीति हुने कुरा समेत स्पष्ट उल्लेख गरेको छ । बालबालिका समाजका संवेदनशील समुदाय हुन् र यिनी सम्बद्ध विषय बहुआयामिक र बहुपक्षीय हुने गर्दछ । तसर्थ, बालबालिकासँग सरोकार राख्ने सबै निकाय र तहमा बालसंवेदनशीलता हुनु अपरिहार्य छ । अझ, राष्ट्रको चौथो

अंग सञ्चारमाध्यम बाल संवेदनशील भएमा बालमैत्री समाज निर्माणमा महत्वपूर्ण योगदान हुनेछ । तसर्थ, बालबालिकासँग सम्बन्धित रिपोर्टीङ्ग गर्ने सन्दर्भमा सबैको अवधारणात्मक स्पष्टतासहितको निश्चित स्तर कायम गर्न, बालअधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धनमा सञ्चारमाध्यमको प्रभावकारी भूमिका निर्वाहमा थप सहयोग पुऱ्याउन बालमैत्री सञ्चार निर्देशिका, २०७३ समेत जारी भइसकेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, समाचार एजेन्सी तथा इन्टरनेटका माध्यमबाट समाचार, सूचना, विज्ञापन तथा विचारमूलक लेख वा कार्यक्रम उत्पादन, वितरण एवम् सम्प्रेषण गर्ने संघ-संस्था, निकाय, कम्पनी लगायत सेवा प्रदायक र सोबाट प्रदान गरिने सेवा, बालबालिकासँग सम्बन्धित विषयहरुलाई सही ढंगले सम्प्रेषण गर्न र बालबालिकालाई थप हानी हुनबाट जोगाउन सञ्चारकर्मी संवेदनशील हुनुपर्छ ।

नेपालमा कूल जनसंख्याको झण्डै ४५ प्रतिशत संख्या १८ वर्ष मुनिका बालबालिकाको छ, तर बालबालिकाको जीवनमा प्रत्यक्ष असर पार्ने क्षेत्रहरुको निर्णय प्रक्रिया तथा राज्य संयन्त्रमा उनीहरुको प्रत्यक्ष पहुँच हुँदैन । बाल संरक्षणको दृष्टिकोणले सामान्यतयाः अन्तर्राष्ट्रिय मान्यतानुरुप १८ वर्ष मुनिकालाई बालबालिका मानिएको छ । बालबालिका समाजको संवेदनशील र नाजुक अवस्थामा रहेका समूह हुन् भने तिनको विषय सबैसँग सम्बन्धित छ । समाजमा विद्यमान असमान सामाजिक शक्ति सम्बन्धहरुका कारण बालबालिका उच्च जोखिममा पर्न सक्छन् साथै प्राकृतिक प्रकोप हुन् या युद्ध र हिंसा जस्ता मानवीय प्रकोप, हड्ताल हुन् या झैं-झगडा, रोगब्याधी, भोकमरी, आधारभूत सेवाको अभाव आदि सबैको असर बालबालिका माथि नै पर्छ । सबैभन्दा महत्वपूर्ण तथ्य भनेको बाल्यकालमा भोगाईको असर जीवनपर्यन्त रहन्छ । बालबालिकाले अनुभव गर्ने कुनै पनि जोखिम, गरिबी, अभाव, तनावका असर बहुआयामिक हुन्छ र वयस्कभन्दा अलग हुन्छ । बालबालिकाको जटिल शारीरिक, मनोवैज्ञानिक र बौद्धिक विकासमा कुपोषण, रोग, दुर्व्यवहार, हिंसा, शोषण जस्ता कुराले वयस्कलाई भन्दा भिन्न र गम्भीर असर पुऱ्याउँदछ । बालबालिका सहयोग र संरक्षणका लागि वयस्कमा निर्भर हुन्छन् र खासगरी अभिभावक, परिवारविहीनताले जोखिम बढाउँछ । वयस्कहरुका अगाडि बालबालिका कम महत्व दिइएको समूहभित्र पर्दछन् ।

छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यममा क्रियाशील पत्रकारहरु तथा प्रकाशन वा प्रसारण हुने समाचारमाध्यमहरु शिष्ट, मर्यादित, जवाफदेही भई उच्च व्यवसायिक धर्म निर्वाह गर्न बाल संवेदनशील हुनु अत्यावश्यक छ । बालबालिकाको हितलाई अक्षुण राखी उनीहरुको सहभागिता सम्बन्धी

(बाँकी पृष्ठ ३ मा)

झापा नाटक घरलाई सहयोग

बिर्तामोड, भदौ २८। क्षितिज नाट्य समूह झापाको अगुवाईमा बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माणाधीन बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरका लागि शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोडले ५१ हजार रुपैयाँ प्रदान गरेको छ ।

क्षितिज साहित्य प्रतिष्ठान झापाको आयोजनामा भएको प्रथम काव्य सभा कार्यक्रममा संस्थाको आठौं वार्षिक उत्सवका अवसर पारेर निर्माणाधिन झापा नाटक घरमा आयोजित कार्यक्रमका बीच उक्त रकम प्रदान गरिएको हो । क्षितिज साहित्य प्रतिष्ठान झापाका अध्यक्ष तुलसीप्रसाद भट्टराईको अध्यक्षता तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा क्षितिज साहित्य प्रतिष्ठान झापाका सचिव डिल्लीराम परदेशीले स्वागत गरेका थिए ।

कार्यक्रममा शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोडका अध्यक्ष सुब्रत न्यौपाने, सचिव दीपेश धौराली, लेखा समितिका सदस्य यामनाथ खरेल, सञ्चालक सदस्यहरु हेमराज मिश्र र भगिरथा थापा लगायतले उक्त रकमको चेक झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाई, क्षितिज नाट्य समुहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितलाई हस्तान्तरण गरेका थिए ।

सोही कार्यक्रममा स्थानीय कमलसरी राजवंशीले झापा नाटकघर निर्माणका लागि पाँच हजार एक सय रुपैयाँ झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाई , क्षितिज नाट्य समुहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितलाई प्रदान गरेकी थिइन् । उनले ५१ हजार रुपैयाँ सहयोगको घोषणा गर्दै किस्ताबन्दी रुपमा सहयोग रकम हस्तान्तरण गर्ने बताइन् ।

कार्यक्रममा शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बिर्तामोडका अध्यक्ष सुब्रत न्यौपानेले क्षितिज नाट्य समूह झापाको अगुवाईमा प्रदेश नं. १ कै ऐतिहासिक धरोहरका रुपमा बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको निर्माण गरिएकाले संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम प्रदान गरिएको बताए । कार्यक्रममा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईले सबैको साथ र सहयोग बिना बहुजाति, बहुभाषी, बहुसांस्कृतिक संग्राहलयसहितको झापा नाटक घर निर्माण सम्पन्न नहुने भएकाले सबैलाई उक्त कार्यका सहयोग गर्न अपिल गरे ।

कार्यक्रममा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले एक वर्ष अगाडि निर्माण कार्यको थालनी गरिएको बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको निर्माण अन्तिम चरणमा पुगेको बताउँदै त्यसलाई पूरा गर्न सबैले सहयोग गर्नुपर्ने बताए । उनले आर्थिक वर्ष २०७७/०७८ का लागि जग्गादाता मनोज निरौलाको अध्यक्षतामा ११ सदस्यीय झापा नाटक घर निर्माण उपभोक्ता समिति र नचानु विष्णु श्रीजङ्घा टोल विकास संस्थाका अध्यक्ष भोजकुमार मास्केको अध्यक्षतामा तीन सदस्यीय झापा नाटक घर निर्माण अनुगमन समिति गठन गरिएको बताए ।

त्यस्तै क्षितिज साहित्य प्रतिष्ठानका अध्यक्ष तुलसीप्रसाद भट्टराईले भाषा, कला र साहित्यको संरक्षण र विकासका लागि काव्यसभा शुरु गरेको जानकारी दिए । कार्यक्रममा अन्चु सुवेदी, बिबेक निशानी, डिल्लीराम परदेशी, निरज पोखरेल, देबीमाया प्रसाईं, दुर्गा ओली, ताराप्रकाश भट्टराई, माधबप्रसाद सिटौला, सीताराम भट्टराई लगायतले साहित्यिक रचना वाचन गरेका थिए ।

कार्यक्रममा झापा नाटक घरका जग्गादाता मनोज निरौला , समाजसेवी दिननाथ सिग्देल, नचानु विष्णु श्रीजङ्घा टोल विकास संस्थाका अध्यक्ष भोजकुमार मास्के, क्षितिज नाट्य समूहका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारी, राष्ट्रिय वाल अधिकार संरक्षण समितिका केन्द्रीय अध्यक्ष सन्देश रम्तेल, सिम्रिक फिल्मस् प्रालिका म्यानेजिङ डाइरेक्टर लक्ष्मण गजुरेल लगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन क्षितिज नाट्य समूहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले गरेका थिए ।

अन्तरजातीय प्रेमविवाहले दिएको पीडा



जोस्ना श्रेष्ठ

शुष्मा पोखरेल (नाम परिवर्तन) माइती घर तेह्रथुम जिल्ला (स्थान परिवर्तन) बुबा आमाकी कान्छी छोरी हुन् । शुष्माको एक दिदी र भाइ छन् । शुष्माको बुबा पसल गर्नुहुन्छ, आमा गृहणी हुनुहुन्छ र उनको हजुरबुबा पण्डित हुनुहुन्छ । २०५२ सालमा जन्मिएकी उनले धरान-१६ को नवोदय विद्या मन्दिरबाट र बालिका विद्यालयबाट विद्यालय शिक्षा पूरा गरिन् । २०६६ सालमा एसएलसी परीक्षा दिएर नतिजा कुरेर बसेको समयमा उनको आफ्नो मिल्ने केटा साथीको माध्यमबाट एक युवासँग भेट हुन पुग्यो । ती युवा अरु कोही नभएर केटा साथीकै ठूलो बाबाको छोरा थियो । ती युवासँगको भेटपछि शुष्माको जीवनले फरक मोड लियो ।

उनीहरुको भेट बिस्तारै प्रेममा परिणत भयो । उनीहरु एकअर्कालाई मन पराउन थाले, प्रेम गर्न थाले । दिनदिनै शुष्मा र ती युवकको बीचको प्रेम झागिंदै गएको तीन महिना बितेछ । तीन महिनापछि शुष्माको एसएलसी परीक्षाको नतिजा पनि सार्वजनिक भयो । उनी परीक्षामा पास भइन् र बालिका विद्यालयमै कक्षा ११ मा भर्ना भइन् । कक्षा ११ को परीक्षा लेखेपछि शुष्मा उनको प्रेमीले विवाह गर्ने निधो गरे । सोही निधो अनुसार उनीहरुले २०६७ सालको फागुन महिनामा प्रेम विवाह गरे । शुष्मा पोखेल बाहुनकी छोरी उनका श्रीमान् सिवा थरका दलित युवा थिए ।

उसको घर भोजपुर (स्थान परिवर्तन) थियो । तर, त्यतिबेला उनी धरानमै बसेर टेलरिङ्गको काम गर्दै थिए । विवाहको समयमा शुष्माको उमेर १७ बर्षको थियो भने उनका श्रीमान् २२ वर्षका थिए । विवाहपश्चात उनले शुष्मालाई भोजपुर लिएर गए र त्यही टेलरिङ्गको काम गर्न शुरु गरे ।

शुष्मा नयाँ दुलही बनेर श्रीमान्को घरमा भित्रिँदा त्यहाँ उनका सासु, ससुरा, नन्द, देवर र देवरानी थिए । शुष्मा खुशी थिइन् । श्रीमान्को रोजगारी पनि थियो भने उनले सबैको माया पनि पाएकी थिइन् । विवाह गरेको सात महिनापछि दशैं आयो उनलाई दिनदिनै माइती घरको सम्झनाले सताउन थाल्यो । उनले आफूलाई रोक्न सकिनन् र एकदिन उसले आमालाई फोन गरिन् । सन्तानका लागि कोमल र उदार हृदयकी आमाले उनलाई स्वीकार गर्न कति पनि ढिला गरिनन् । कानूनी रुपमा जातीय विभेद दण्डनीय भनिए पनि बर्षौंदेखि हाम्रो समाजमा जकडिएको जातीय विभेदको मानसिकता अझै फराकिलो बन्न सकेको छैन । मुखले जातीय विभेद अन्त्य गरौं भन्ने तर व्यवहारमा उतार्न नसक्ने मानसिकता हामीमा छदैछ । जसका कारण हिंसा र हत्यासम्म पनि भएका छन् ।



समाज परिवर्तनका लागि शुष्माको आमा बुबाले उठाएको यो कदम साच्चै उदाहरणीय छ । आफ्ना आमा बुबाको यो कदम र व्यवहारले शुष्मा झनै खुशी भइन् । दिनहरु बित्दै गए एक बर्षपछि उनले पहिलो सन्तानको रुपमा छोरी सिमरनलाई (नाम परिवर्तन) जन्म दिइन् । सिमरन अढाई बर्षकी भएपछि शुष्मा र उनका श्रीमान् फेरि धरान फर्किए । पहिले जस्तै श्रीमान्ले टेलरिङ्गको काम गरेर परिवार चलाउँदै गए । तीन बर्षको फरकमा शुष्माले फेरि दोस्रो सन्तानको रुपमा छोरी सेरिनालाई (नाम परिवर्तन) जन्म दिइन् । त्यसपछि बिस्तारै शुष्माको जीवनमा उतार-चढाव आउन थाल्यो । उनको खुशी धेरै दिन टिक्न सकेन । उनको श्रीमान्मा मादकपदार्थ सेवन गर्ने बानी रहेछ । श्रीमान्ले मादकपदार्थ सेवन गरेर उनलाई रातदिन कुटपिट गर्न शुरु गरे । घृणित लान्छनाहरु लगाउन थाले । शुष्माले अन्तरजातीय प्रेम विवाह गरेकाले माइतमा यी सब कुरा भन्न सक्दिन थिइन् त्यसैले शुष्माले सहनु विकल्प थिएन । शुष्माले श्रीमान्को व्यवहार सहदै गइन् ।

श्रीमान्को कुटाईबाट उनको शरीरभरि नीलडाम हुने गर्दथ्यो । विवाह गरेको नौ बर्ष बित्यो तर श्रीमान्को व्यवहारमा कुनै परिवर्तन आएन । झन् श्रीमान्का गतिविधि असह्य र उग्र बन्दै गए । हुँदा-हुँदा घरमा नुन, तेल र चामल किन्न समेत बेवास्ता गर्न थाले ।

शुष्माले ती दुई अबोध छोरीहरुका पेट भर्न कहिले मार्केटिङ त कहिले होटलमा जुठो भाडासम्म माझ्न बाध्य भइन् । अन्नतः यतिबेला उनीहरु खोलाको दुई किनार झैं भएका छन् । तर, पनि शुष्माले हिम्मत हारेकी छैनन् । गुलाव झैं सुन्दर दुई कलिला ८ बर्षीया र ३ बर्षीया छोरीहरुको ओठमा हाँसो ल्याउन चाहन्छिन् । छोरीहरुको अभिभाकत्व बहन गर्न चाहन्छिन् । कानूनी रुपमा श्रीमान्सँग अलग रहन चाहन्छिन् । उनी अहिले आत्मनिर्भरताका लागि सीप सिक्दै छिन् । जीवनसँग संघर्ष गर्दैछिन् । अहिले उनी आफना दुई छोरीहरुको साथमा एक संस्थाको संरक्षणमा छिन् ।

शुष्मा (नाम परिवर्तन)सँगको कुराकानीमा आधारित

बालअधिकार...

अधिकारको सूचनामूलक, सन्देशमूलक वा अन्य सामग्रीको उत्पादन, प्रकाशन वा प्रसारणका सन्दर्भमा विद्यमान कानून अनुसार बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी ठान्दै उनीहरुको संरक्षण र संवर्द्धनमा विशेष ध्यान दिनुपर्छ । कुनै पनि प्रकाशित वा प्रसारित सामग्रीले बालबालिकामा हानि नपुगोस् र थप पीडित नबनाओस् भन्ने ध्येयका साथ उच्चतम् व्यवसायिक अभ्यासका निम्ति पत्रकार र सञ्चारमाध्यमलाई अझ अभिप्रेरित गरी आम सञ्चारका क्षेत्रहरू बाल संवेदनशील बन्नुपर्छ । समाचारका विषयहरु र सोसँग बालबालिकाको सरोकार तथा ती विषयवस्तुले पार्ने प्रभाव र समग्रमा बालबालिकासँग सम्बन्धित हुने विषयहरुमा बाल संवेदनशीलता हुनु जरुरी हुन्छ । बालबालिका सम्बन्धी घटना विशेषः जस्तैः यौन दुर्व्यवहार, विद्यालयमा सजाय, अलपत्र बालबालिका, श्रमशोषण, दुर्व्यवहार आदिका समाचारमा बाल संवेदनशीलताप्रति बिशेष ध्यान दिनुपर्ने हुन्छ । आमसञ्चारमा बालबालिकाको पहुँच सहजै हुने हुँदा प्रस्तुत सामग्रीले बालबालिकालाई नकारात्मक असर नगरोस् भन्नका लागि प्रकाशित तथा प्रसारित सामाग्रीप्रति बाल संवेदनशीलता अपनाइनुपर्छ । बालबालिकाका लागि लक्षित सामग्री आमसञ्चारमा प्रकाशन वा प्रसारण गरिने विज्ञापन, टेलिश्रृंखला, रियालिटी शोल, बालपृष्ठ, बाल कार्यक्रम, बालबालिकाका तयार गरिएको कार्यक्रम, कार्टुन लगायतको कार्यक्रम सन्दर्भमा बाल संवेदनशीलता अपनाइनु पर्दछन् ।

कुनै पनि बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटो प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्नुहुँदैन भनी बालबालिका सम्बन्धी ऐन, २०४८ मा बालमैत्री सञ्चार सम्बन्धी भएको व्यवस्थामा उल्लेख छ । सोही ऐनमा बालबालिकाको गोप्य विवरण प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसुरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तक समेत सबै जफत गरिनेछ भनिएको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीतिमा इन्टरनेट, इमेल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौन दुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ । एचआइभी/एड्स संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाइने उल्लेख छ ।

पत्रकार आचारसंहिताले के भन्छ ?

नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल ऐन बमोजिम २०६० सालमा जारी गरी लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि २०६४ सालमा परिमार्जित पत्रकार आचारसंहिताको बुँदा नम्बर १० बाल संवेदनशीलताका दृष्टिले उल्लेखनीय रहेको पत्रकार आचारसंहितामा समेत उल्लेख छ । अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक समुदाय, महिला तथा बालबालिकाको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हो । बालबालिका सम्बन्धी सामग्री संकलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी बालबालिकालाई तत्कालीन र दीर्घकालीन हानी हुने गरी समाचार संकलन तथा सम्प्रेषण गर्नुहुँदैन । कानून विपरीत कार्य वा बाल बिझ्याईमा संलग्न बालबालिका सम्बन्धी समाचार सामग्री सम्प्रेषण गर्दा बालन्यायको सिद्धान्त विपरीत गोपनीयता खोल्नु हुँदैन । आपराधिक गतिविधिमा संलग्न बाबु-आमा वा परिवारका सदस्यहरुको समाचार दिँदा बालबालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुछ्नु हुँदैन । १६ वर्ष उमेर पूरा नभएका बालबालिकाको अन्तरवार्ता वा तस्विर अभिभावक, संरक्षक वा परिवारको अनुमति बिना लिनुहुँदैन ।

बालअधिकारको संरक्षण तथा प्रवर्द्धनमा सञ्चारमाध्यमको प्रभावकारी भूमिका निर्वाहमा सञ्चारकर्मी, सञ्चारसँग सम्बन्धित संघ-संस्था, बालअधिकारकर्मी, विज्ञहरु, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी सारोकारवाला निकायहरू सबैको साथ सहयोग र ऐक्यबद्धताको खाँचो पर्दछ । बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीको भूमिकाको प्रभावकारी कार्यान्वयनका लागि छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यममा क्रियाशील पत्रकारहरु तथा प्रकाशन वा प्रसारण हुने समाचारमाध्यमहरु सबैमा समबुझाईका साथ प्रतिबद्धताको आवश्यकता छ । अन्त्यमा, आजका बालबालिका भोलीका देशका भविष्य हुन् । आज बालअधिकार सुनिश्चित गर्न सके भोलि देशको भविष्य निश्चित हुन्छ । सञ्चारमाध्यममा बालबालिकासँग सम्बन्धित विषयलाई प्राथमिकता दिएर संवेदनशीलताका साथ सूचना, जानकारी सम्प्रेषित गरी बालबालिकाको समग्र हितका लागि सरोकारवालाहरुको जिम्मेवारी तथा उत्तरदायित्व वहनमा योगदान पुऱ्याउने कार्यमा सम्पूर्ण सञ्चारमाध्यमलाई आपसी समन्वय, सहकार्य, सहयोग र समझदारीका साथ क्रियाशील रहन हार्दिक अनुरोध गर्दै बालमैत्री सञ्चारमाध्यका साथ अगाडि बढ्न अपिल समेत गर्दछु ।

महिलाको हत्या गर्ने पक्राउ

उदयपुर, भदौ २८। उदयपुरको कटारी नगरपालिका-११ लखनथुम्का ५० बर्षीया डोरकुमारी राउतको खुकुरी प्रहारबाट हत्या गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

हत्याका संलग्न २५ बर्षीय बिनोद भन्ने रोशन राना मगरलाई प्रहरीले पक्राउ गरेको हो । घरमै बसीरहेकी राउतलाई उनकै घरमा आएर मगरले एक्कासी लछार-पछार गर्नुका साथै, साथमै बोकेको खुकुरीले शरीरका बिभिन्न ठाउँमा अन्धाधुन्द प्रहार गर्दा राउतको घटनास्थलमा नै मृत्यु भएको थियो ।

घटनाको जानकरी पाए लगत्तै इलाका प्रहरी कार्यालय कटारीबाट गएको प्रहरीको टोलीले हत्या गरेर फरार रहेका मगरलाई कटारी नगरपालिका-११ हात्तीसुँडे स्थित जङ्गलबाट नियन्त्रणमा लिएको हो ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

टुक्रा जग्गा चाहिएमा

अर्जुनधारा-६, लक्ष्मीपुरमा रहेको टुक्रा जग्गा चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८४०१०१७९०

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९/९८४१३२१४६४

कर्मचारी आवश्यकता

सेल्स/मार्केटिङ : १५ महिला/पुरुष
काम गर्ने स्थानः काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड ।
तलबः १२,६००+कमिशन+बोनस
कुकः ५ जना वेटरः १ जना (अनुभवी)
Nepal Jobs Care Service Pvt. Ltd.
मो. ९८२६९२०००१, ०२३-५४६६८३

पायल्स तथा हाडजोर्नी

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक । पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग ।

बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६,
९८०६०००३१३, ९८४२७१६५८८

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन मिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसूदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

सूचना ! सूचना !! सूचना !!!

अर्जुनधारा जेसीजको विधानधारा ८ उपधारा १२ बमोजिम सदस्यता नवीकरण गर्ने अन्तिम मिति अक्टोबर ३१ रहेको छ । सो मितिभन्दा पछि सदस्यता नवीकरण भए अर्जुनधारा जेसीजको बार्षिक साधारण सभाको निर्वाचन प्रक्रियामा भाग लिन पाउने छैन । अतः बर्ष २०२० का लागि सदस्यता नवीकरण तथा नयां सदस्यता लिन इच्छुक महानुभावहरुले मिति २०२० अक्टोबर ३१ तारिख (२०७७ कार्तिक १५ गते) भित्र नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो र रु १५००।- एक हजार पाँच सय मात्र)सहित अर्जुनधारा जेसीजका महासचिव वा कोषाध्यक्षलाई सम्पर्क गर्नुहुन अर्जुनधारा जेसीजका सम्पूर्ण सदस्यज्यूहरु तथा नयाँ सदस्यहरुमा जानकारी गराइन्छ ।

जेसी बसन्त बुढाथोकी : महासचिव
जेसी भाष्कर भट्टराई : अध्यक्ष
अर्जुनधारा जेसीज, शनिश्चरे, झापा (बर्ष २०२०)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
रोकिएको काम बन्नाले जिम्मेवारी समेत बढ्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने साझेदारीबाट मनग्गे लाभ मिल्नेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मेहनत गर्दा किर्तिमानी काम सम्पादन हुनेछ । आफन्तको आगमन होला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धि दिलाउनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला । चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
प्रतिक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
सम्भावना देखिए पनि सोचेको उपलब्धि नमिल्न सक्छ । सामान्य कामका लागि पनि दौडधुप गर्नुपर्नेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
व्यापारमा लाभ लिने समय छ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् ।